प्रदेश सरकार
लुम्बिनी प्रदेश
शिक्षा तथा सामाजिक विकास मन्त्रालय
शिक्षा तथा सामाजिक विकास निर्देशनालय

# सामाजिक विकास डिभिजन कार्यालय

तुलसीपुर, दाङ

☎/🖷 कार्यालय : ०८२-५२०२४६
☎ कार्यालय प्रमुख : ९८५७८२५२४६
Website :- sddodang.p5.gov.np

प.सं. :- २०७८/०७९ (प्रशासन, योजना तथा कार्यक्रम शाखा)
च.नं. :- 30

✉ sddodang@gmail.com
मितिः २०७८/०६/१३

## मौजुदा सूचीमा सूचीकृत हुन पुनः सूचना प्रकाशन गरिएको ।

प्रस्तुत विषयमा यस कार्यालयको लागि चालु आर्थिक वर्ष २०७८/०७९ मा आवश्यक पर्ने खरिद तथा मर्मत,परामर्श,तालिम लगायतका क्षेत्रमा सेवा उपलब्ध गराउन सार्वजनिक खरिद ऐन २०६३ को दफा ६ क अनुसारको मौजुदा सूची तयार गर्नु पर्ने भएकोले इच्छुक कालो सूचीमा नपरेका संस्था,आपूर्तीकर्ता,निर्माण व्यावसायी,धार्मिक,सामुदायिक तथा अन्य गैर सरकारी संस्थाहरु,संचार संस्थाहरु, परामर्शदाता वा सेवा प्रदायकहरुले तपसिल बमोजिमका कागजातहरुको प्रमाणित प्रतिलिपि संलग्न गरी निवेदन पेश गर्नुहुन भनी मिति २०७८/०४/३१ मा यस कार्यालयबाट सूचना प्रकाशन भएकोमा हाल सम्म केही संख्यामा मात्र निवेदन प्राप्त भएकोले पुनः यो सूचना प्रकाशित गरिएको छ । यस कार्यालयको मौजुदा सूचीमा सूचीकृत भएका फर्म तथा संघ संस्थाहरुसंग यस आर्थिक वर्षमा सेवा लिन सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः**

१ संस्था/फर्म दर्ता र सोको नविकरण गरिएको पत्रको प्रतिलिपी ।
२ स्थायी लेखा नं. (PAN) वा मूल्य अभिवृद्धी कर (VAT) दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
३ करचुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
४ आवश्यकता अनुसार सम्बन्धित निकायबाट प्राप्त व्यावसायिक इजाजत पत्रको प्रतिलिपि ।
५ सामाजिक क्षेत्रका कार्य गर्ने संस्थाको हकमा समाज कल्याण परिषदको आवद्धताको प्रमाण पत्रको प्रतिलिपि ।
६ सूचीकृत हुनको लागि निवेदन वा संस्थाको पत्र ।

तपशिलः

**१. माल सामान आपूर्ती/मर्मत तर्फः**

स्टेशनरी र मसलन्द सामान,कम्प्युटर उपकरण र अन्य सामाग्रीहरु तथा मर्मत,छपाई सम्बन्धि कार्यहरु,इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स तर्फका सामाग्रीहरु,फर्निचर्स तथा फर्निसिङ सामाग्रीहरु,पुस्तक तथा पत्रपत्रिका,अफिस सामान र अन्य मसलन्द सामान,सवारी साधनहरु(मो.सा.) र पार्टपूर्जाहरु तथा मर्मत, पलम्बिङ सामाग्रीहरु,सीप विकास तालिमको लागि कपडा लगायतका कच्चा पदार्थहरु,कार्यालयलाई आवश्यक पर्ने अन्य सामाग्रीहरुको आपूर्ती ।

**२. परामर्श सेवा तर्फः**

क. विभिन्न विषय सम्बन्धी छोटो अवधीका सीप विकास तालिम सञ्चालन,
ख. लक्षित वर्गका व्यक्तिहरुद्वारा उत्पादित बिक्रि केन्द्र स्थापना,सञ्चालन र बजार प्रवर्द्धन,
ग. वृद्धाश्रम,वाल संरक्षण गृह,विभिन्न सेवाकेन्द्रहरु पुनर्स्थापना केन्द्रहरुको सहयोग अनुदान कार्यक्रम,
घ. विभिन्न सचेतना मूलक कार्यक्रम सामाग्री उत्पादन, प्रकाशन तथा प्रसारण,
ङ. स्वीकृत कार्यक्रम/परियोजनहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी,
च. तोकिए बमोजिमका अन्य कार्यहरु ।

पुनश्चः सम्बन्धित वस्तु वा सेवा खरिद गर्नु परेमा वा सम्बन्धित कार्यक्रम सञ्चालन गर्नु परेमा मात्र मौजुदा सूचीमा सूचीकृत संस्थाबाट सेवा खरिदका लागि प्रस्ताव माग गर्न सकिनेछ । थप जानकारीको लागी कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

२०७८/०६/१३
वीरे के.सी.
कार्यालय प्रमुख
कार्यालय प्रमुख